# गोर्खाज फाइनान्स लिमिटेड

## चारखाल रोड, डिल्लीबजार

## काठमाण्डौं, नेपाल ।

सत्ताइसौं वार्षिक साधारण सभाको

निर्णय (माइन्यूट)

# गोर्खाज फाइनान्स लिमिटेडको

## सत्ताइसौं वार्षिक साधारण सभाको

## निर्णय (माइन्यूट)

१. **बैधानिक सभा:**

गोर्खाज फाईनान्स लिमिटेडको संचालक समितिको मिति २०७९ बैशाख २६ गते सोमबार वसेको ४४७औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ तथा यस संस्थाको प्रबन्धपत्र तथा नियमावली बमोजिम बोलाईएको सत्ताइसौं वार्षिक साधारण सभा संचालक समितिका अध्यक्ष श्री गौरव बुढाथोकीज्यूको सभापतित्वमा निम्न उल्लेखित मिति, स्थान र समयमा बसी देहायका विषयहरु उपर छलफल गरी निर्णय गरियो ।

२. **सभाको मिति, स्थान र समय:**

मिति: २०७९ जेठ २७ गते शुक्रबार (तदनुसार जुन १० तारिख, २०२२)

स्थान: अनुपम फुडल्याण्ड एण्ड व्याङ्क्वेट, बत्तीसपुतलि, काठमाण्डौ ।

समय: विहान ११ बजे प्रारम्भ भै ३:३० बजे सम्पन्न ।

३. **सभाको सूचना:**

कम्पनी ऐन, २०६३ को दफा ६७ उपदफा (२) को प्रावधान अनुसार सत्ताइसौं वार्षिक साधारण सभा हुने मिति, स्थान, समय र छलफल हुने विषयहरुको प्रस्ताव सहितको विवरण खुलाई सभामा उपस्थितिको लागि शेयरधनीहरुको लगतमा रहेको ठेगानामा सूचना पठाउनुका साथै सोही व्यहोराको सार्वजनिक सूचना मिति २०७९/०२/०४ गते " **आर्थिक अभियान राष्ट्रिय दैनिक**" मा प्रथम पटक र मिति २०७९/०२/०५ गते " **राजधानी राष्ट्रिय दैनिक**" पत्रिकामा दोश्रो पटक प्रकाशित गरिएको थियो । साथै, सोही दिन संस्थाको अधिकारिक वेभसाइट www.gurkhasfinance.com.np मा समेत प्रकाशित गरिएको थियो ।

## ४. वार्षिक साधारण सभाको छलफलको विषय सूची:

Gurkhas Finance Ltd.
गोर्खाज फाइनान्स लि.

### क) सामान्य प्रस्ताव

१. आर्थिक वर्ष २०७७/७८ को संचालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७८ आषाढ मसान्तको वासलात तथा २०७७ श्रावण १ देखि २०७८ आषाढ मसान्तसम्मको नाफा नोक्सान हिसाव र सोहि अवधिको नगद प्रवाह विवरण लगायत वित्तीय विवरणहरु उपर छलफल गरी पारित गर्ने ।

३. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आर्थिक वर्ष २०७८/७९ को लेखापरिक्षणको लागि लेखापरिक्षण समितिको सिफारिस बमोजिम लेखापरिक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. यस संस्थाको सञ्चालक समितिमा रिक्त हुन गएको समुह क अन्तर्गत संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालक १ र समुह ख अन्तर्गत सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालक १ मा सञ्चालक समितिले कम्पनी ऐन,२०६३ को दफा ८७(२) तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को परिच्छेद ४, दफा १४(२) ख र कम्पनी ऐन, २०६३ को दफा ९०(३) बमोजिम बाकी कार्यकालको लागि नियुक्त गरिएको सञ्चालकलाई कम्पनी ऐन,२०६३ को दफा ७७(६) मा भएको व्यवस्था बमोजिम वार्षिक साधारण सभामा पेश गर्ने ।

५. संस्थाको सञ्चालक समितिले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ परिच्छेद ४ , दफा १७ बमोजिम नियुक्त गरेको स्वतन्त्र सञ्चालकको नियुक्तीको जानकारी सम्बन्धमा ।

### ख) विषेश प्रस्ताव

१. संस्थाको प्रबन्धपत्र, नियमावली सम्बन्धमा नियमनकारी निकायबाट आवश्यक हेरफेर गर्न निर्देशन भएमा सोहि बमोजिम गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

### ग) विविध ।

Gurkhas Finance Ltd.
गोर्खाज फाइनान्स लि.

५. **गणपुरक संख्या:**

यस साधारण सभामा निम्न बमोजिम शेयरको प्रतिनिधित्व हुने गरी शेयरधनीहरुको उपस्थिति रहेको थियो ।

| कुल शेयर संख्या | जम्मा शेयर धनीसंख्या | जम्मा शेयरधनी उपस्थिति संख्या | | | | | | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| ८६,७९,९३८ | १९७३५ | स्वयं उपस्थित | | प्रतिनिधि मार्फत | | जम्मा प्रतिनिधित्व | | ५२.३१ |
| | | संख्या | सेयर | संख्या | सेयर | संख्या | सेयर | |
| | | २४५ | २३,२५,८८० | १५ | २२,१४,९७२ | २६० | ४५,४०,८५२ | |

६. **सभाको वैधानिकता:**

सत्ताइसौं वार्षिक साधारण सभाको वैधानिकताको सम्बन्धमा कम्पनी सचिवले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी ऐन, २०६३ तथा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीका प्रावधानहरु बमोजिम सत्ताइसौं वार्षिक साधारण सभा बोलाएको व्यहोरा सभामा जानकारी गराउनुभयो । सभामा उपस्थित भएका सम्पूर्ण शेयरधनीहरु सभामा भाग लिन योग्य थिए । अत: कम्पनी ऐन, २०६३ को दफा ७३(२) अनुसार माथि उल्लेख भए बमोजिम आवश्यक गणपुरक संख्या समेत पुगेको व्यहोरा कम्पनी सचिवबाट सभा समक्ष जानकारी गराउनुभयो । यसरी सभा संचालनको लागि कम्पनी ऐन, संस्थाको प्रबन्धपत्र तथा नियमावली अनुसार आवश्यक गणपुरक संख्या पुगेको व्यहोरा कम्पनी सचिवले अवगत गराउनु भए पश्चात सभापतिबाट सभाको कारवाही शुरु गरियो ।

७. **उपस्थिती:**

संचालक समितिका सदस्यहरुको उपस्थिति:

| | | | |
|---|---|---|---|
| १. | श्री गौरव बुढाथोकी | अध्यक्ष | उपस्थित |
| २. | श्री डेकिन्द्र कुमार राई | सञ्चालक | उपस्थित |
| ३. | श्री कर्ण बहादुर राई | सञ्चालक | उपस्थित |
| ४. | श्री कल्पना खापुङ | सञ्चालक | उपस्थित |
| ५. | श्री नरेन्द्र कुमार अग्रवाल | सञ्चालक | उपस्थित |
| ६. | श्री नीलम बोहरा | सञ्चालक | उपस्थित |
| ७. | श्री सागर शर्मा | सञ्चालक | उपस्थित |

Gurkhas Finance Ltd.
गोर्खाज फाइनान्स लि.

प्रतिनिधिहरुको उपस्थिति:

| | | |
|---|---|---|
| १. | कम्पनी रजिष्ट्रारको कार्यालय | : श्री दिपकमणि पोखेल |
| २. | शेयर रजिष्ट्रार, NIBL ACE क्यापिटल लि. | : सि.ए.श्री सचिन्द्र ढुङ्गाना । |

पदाधिकारीहरुको उपस्थिति:

| | | |
|---|---|---|
| १. | श्री सन्तोष कुमार घिमिरे | : प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री मुकुन्द श्रेष्ठ | : सहायक महाप्रबन्धक/कम्पनी सचिव |
| ३. | श्री ज्ञानेन्द्र इवाहाङ | : वरिष्ठ प्रबन्धक |
| ४. | श्री दिपक न्यौपाने | : वरिष्ठ प्रबन्धक |
| ५. | श्री सुजन ध्वज जोशी | : सहायक प्रबन्धक |
| ६. | श्री शम्भु राई | : सहायक प्रबन्धक |
| ७. | श्री यान सिं राई | : सहायक प्रबन्धक |

शेयरधनी तथा कर्मचारीहरुको उपस्थिति:

| | | |
|---|---|---|
| १. | शेयरधनीहरु स्वयं उपस्थिति | २६० |
| २ | कर्मचारीहरुको उपस्थिति | ३५ |

८. **सभाको सभापतित्व र सभा संचालन:**

क) वित्तीय संस्थाको सत्ताइसौं वार्षिक साधारण सभाको संचालन संचालक समितिका अध्यक्ष श्री गौरव बुढाथोकीको सभापतित्वमा सञ्चालकहरु, सेयरधनिहरु तथा आमन्त्रित प्रतिनिधिहरुको उपस्थितिमा सभा शुरु गरियो ।

ख) सभापति श्री गौरव बुढाथोकीको अनुमतिमा संचालक श्री डेकिन्द्र कुमार राइले उपस्थित सबै सेयरधनि महानुभावहरुको स्वागत गर्दै आफ्नो स्वागत मन्तव्य राख्नुभयो ।

ग) प्रमुख कार्यकारी अधिकृत श्री सन्तोष कुमार घिमिरेले आफ्नो मन्तव्य राख्दै हालसम्म भएका कार्य तथा प्रगतिका सम्बन्धमा उपस्थित सम्पुर्ण सेयरधनी महानुभावहरुलाई अवगत गराउनुभयो ।

घ) सभापति श्री गौरव बुढाथोकीले सभा समक्ष आफ्नो संक्षिप्त मन्तव्य प्रस्तुत गर्नुभयो ।

**९. छलफलका लागि आव्हान र सहभागी शेयरधनी महानुभावहरु:**

क) सभापति श्री गौरव बुढाथोकीले सञ्चालक समितिको वार्षिक प्रतिवेदन प्रस्तुत भए पश्चात लेखापरीक्षकको प्रतिवेदन सहितको २०७८ आषाढ मसान्तको वासलात तथा २०७७ श्रावण १ देखि २०७८ आषाढ मसान्तसम्मको नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण सहितको प्रतिवेदन उपर आ आफ्नो मन्तव्य , सुझाव तथा जिज्ञासा भए जानकारी गराउन उपस्थित शेयरधनीहरुलाई अनुरोध गर्नुभयो ।

ख) कम्पनी सचिवले सेयरधनीहरु समक्ष छलफलको लागि अनुरोध गरे पश्चात देहायका सेयरधनी महानुभावहरुले आ-आफ्नो मन्तव्य, जिज्ञासा, तथा सुझाव व्यक्त गर्नुभयो ।

१. श्री कृष्ण कश्यप
२. श्री उद्धव प्रसाद घिमिरे
३. श्री सत्रुघन श्रेष्ठ
४. श्री यादप राई
५. श्री डमरु बल्लभ घिमिरे
६. श्री निर्मल गुरुङ्ग
७. श्री टिकाराम सुनुवार
८. श्री इन्द्र कृष्ण श्रेष्ठ
९. श्री शिव प्रसाद पौडेल
१०.श्री चन्द्र नारायण श्रेष्ठ
११. श्री पुरञ्जन राई
१२. श्री यादव चन्द्र राई
१३. श्री ज्ञान बहादुर लामा

**१०. छलफलमा सहभागी सेयरधनिहरुबाट वित्तीय संस्थाको प्रगति तथा सफलताको कामनाका साथ व्यक्त गरिएका मन्तव्य तथा सुझावहरुको संक्षिप्त विवरणहरु:**

- यस आर्थिक वर्षमा साधारण सभा ढिलो भएको र प्रतिवेदन समयमा उपलब्ध हुन नसकेको गुनासो गर्नुभयो ।
- सेयरधनीले लाभाश नपाएको धेरै वर्ष भएको गुनासो गर्नुभयो ।
- नेपाल राष्ट्र बैंकले दिएको संस्थागत सुशासनको निर्देशनलाई अक्षरश: पालन गर्न सुझाव दिनुभयो ।
- आ.व. २०७८/७९ को वार्षिक साधारण सभा समयमा नै गर्न सुझाव दिनुभयो ।

* संस्थाको व्यवसाय अपेक्षा गरे अनुसार बढ्न नसकेको निस्कृय कर्जाको अनुपात गत वर्ष भन्दा बढेकोले कर्जा असुलिमा विषेश ध्यान दिन सुझाव दिनुभयो ।
* गतवर्षको सञ्चितिनोक्सानी घटाउन सफल भएकोमा व्यवस्थापनलाई धन्यवाद दिनुभयो ।
* प्रतिवेदनमा उल्लेख सञ्चालकको नामको साथ साथै प्रतिनिधित्व गर्ने समुह खुलाउन सुझाव दिनुभयो ।
* निस्कृय कर्जाको अनुपात घटाउन तथा खराब कर्जा असुलि गर्न आक्रामक भएर लाग्न सुझाव दिनुभयो ।
* सबै कर्मचारीहरुले संस्थाको हित र प्रगतिका लागि ईमान्दारीपुर्वक काम गर्न संस्थाको निति नियम भित्र रहेर अनुशासनको पालना गर्दै चेन अफ कमाण्डमा कार्य गर्न सुझाव दिनुभयो ।
* प्रतिवेदनका अक्षर सानो भएको तथा आगामी वर्ष देखि नेपालीमा प्रतिवेदन प्रस्तुत गर्न सुझाव दिनुभयो ।

**११. सभापति श्री गौरव बुढाथोकीले सेयरधनीहरुले उठाउनु भएका जिज्ञासा तथा प्रश्नहरुको सन्दर्भमा निम्नानुसार जवाफ प्रस्तुत गर्नुभयो ।**

* यस आर्थिक वर्षको अन्तिम लेखापरीक्षणको कार्य सम्पन्न हुन समय लागेकोले समयमा नै वार्षिक साधारण सभा गर्न नसकेकोमा सभा समक्ष क्षमा माग्दै आगामी वर्ष समयमा अन्तिम लेखापरीक्षण सम्पन्न गरी समयमानै साधारण सभा गर्ने र प्रतिवेदन पनि समयमा नै छापी सेयरधनीहरुलाई उपलब्ध गराउने जानकारी गराउनुभयो ।
* संस्थाले आगानी वर्ष संञ्चिति नोक्सानीलाई घटाइ नाफा वृद्धि गरी सेयरधनीहरुलाई लाभाशं वितरण गर्ने लक्ष्यका साथ कार्य गरिरहेको व्यहोराको जानकारी सभा समक्ष गराउनुभयो ।
* नेपाल राष्ट्र बैंकले दिएको संस्थागत सुशासनको निर्देशनलाई अक्षरश: पालना गर्ने गरेको तथा भविष्यमा यस सम्बन्धी प्राप्त हुने थप निर्देशनहरुको पनि पूर्ण पालना गर्ने प्रतिवद्धता जाहेर गर्नुभयो ।
* सेयरधनीहरुको सुझावलाई उच्च सम्मान गर्दै संस्थाले आगानी वर्ष देखि यस वित्तीय संस्थाको वार्षिक प्रतिवेदन नेपालीमा प्रस्तुत गरिने व्यहोराको जानकारी सभा सपक्ष गर्नुभयो ।

* संस्थाको निस्कृय कर्जाको अनुपात घटाउन तथा खराब कर्जा असुलिको लागि आक्रामक भएर लाग्न व्यवस्थापनलाई आवश्यक निर्देशन दिई सकेको जानकारी गराउनुभयो ।

**१२. सत्ताइसौं वार्षिक साधारण सभाको निर्णय:**

शेयरधनीहरुबाट उठाइएका मुलभुत विषयहरुको बुंदागत रुपमा जवाफ दिए पश्चात सभापति श्री गौरव बुढाथोकीको अनुमतिमा कम्पनी सचिवले सत्ताइसौं वार्षिक साधारण सभाको लागि प्रस्तावित

देहाय बमोजिमका प्रस्तावहरु पारित गरियोस् भनि सभा समक्ष प्रस्तुत गर्नु भएकोमा सभाबाट देहाय बमोजिम प्रस्तावहरु सर्वसम्मतीले पारित गरियो ।

क) <u>सामान्य प्रस्ताव</u>

१. **आर्थिक वर्ष २०७७/७८ को संचालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।**

आर्थिक वर्ष २०७७/७८ को संचालक समितिको प्रतिवेदन पारित गर्न सभामा प्रस्ताव पेश हुंदा सर्वसम्मतिबाट पारित गरियो ।

२. **लेखापरीक्षकको प्रतिवेदन सहित २०७८ आषाढ मसान्तको वासलात तथा २०७७ श्रावण १ देखि २०७८ आषाढ मसान्तसम्मको नाफा नोक्सान हिसाव र सोहि अवधिको नगद प्रवाह विवरण लगायत वित्तीय विवरणहरु उपर छलफल गरी पारित गर्ने ।**

वित्तीय संस्थाको लेखापरीक्षकको प्रतिवेदन सहित २०७८ आषाढ मसान्तको वासलात तथा २०७७ श्रावण १ देखि २०७८ आषाढ मसान्तसम्मको नाफा नोक्सान हिसाव र सोहि अवधिको नगद प्रवाह विवरण लगायत सो संग सम्बन्धित सम्पूर्ण वित्तीय विवरणहरु पारित गर्न सभामा प्रस्ताव पेश हुंदा उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

३. **बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आर्थिक वर्ष २०७८/७९ को लेखापरिक्षणको लागि लेखापरिक्षण समितिको सिफारिस बमोजिम लेखापरिक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।**

कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ अनुरुप बाह्य लेखापरीक्षकको नियुक्ती गर्ने सम्बन्धमा लेखापरीक्षक श्री एस.आर.पाण्डे एण्ड कम्पनी, चार्टर्ड एकाउण्टेण्ट्स, काठमाडौंलाई आ.व.२०७८/७९ को अन्तिम लेखापरीक्षण शुल्क, आ.व.२०७८/७९ लङ्गफर्म अडिट शुल्क, आ.व.२०७८/७९ कर लेखापरीक्षण शुल्क, कम्पनी ऐन, २०६३ को दफा ७८ बमोजिमको प्रतिवेदन प्रमाणित शुल्क, नेपाल धितोपत्र बोर्डद्वारा जारी संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ बमोजिम संस्थागत सुशासन सम्बन्धी वार्षिक अनुपालना प्रतिवेदन प्रमाणित शुल्क, NFRS Review सम्बन्धी शुल्क, तथा शाखा भ्रमण कार्यको लागि लाग्ने खर्च समेत गरी एकमुस्ट रु.४,००,०००/(अक्षरेपी चार लाख मात्र) (मु.अ.क.बाहेक) पारिश्रमिक प्रदान गर्ने गरी नियुक्ति गर्ने सर्वसम्मतले निर्णय गरियो ।

४. **यस संस्थाको सञ्चालक समितिमा रिक्त हुन गएको समुह क अन्तर्गत संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालक १ र समुह ख अन्तर्गत सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालक १ मा सञ्चालक समितिले कम्पनी**

ऐन,२०६३ को दफा ८७(२) तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को परिच्छेद ४, दफा १४(२) ख र कम्पनी ऐन, २०६३ को दफा ९०(३) बमोजिम बाकी कार्यकालको लागि नियुक्त गरिएको सञ्चालकलाई कम्पनी ऐन,२०६३ को दफा ७७(६) मा भएको व्यवस्था बमोजिम वार्षिक साधारण सभामा पेश गर्ने ।

वित्तीय संस्थाको सञ्चालक समितिमा रिक्त हुन गएको समुह क अन्तर्गत संस्थापक सेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालक पद एकमा सञ्चालक समितिको मिति २०७८/१०/१८ गते बसेको ४४१ औं बैठकले कम्पनी ऐन, २०६३ को दफा ८७(२) तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को परिच्छेद ४, दफा १४(२) ख र कम्पनी ऐन, २०६३ को दफा ९०(३) बमोजिम बाकी कार्यकालको लागि संस्थापक सेयरधनी श्री कल्पना खापुङलाई नियुक्ति गरेको र समुह ख अन्तर्गत सर्वसाधारण सेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालक पदमा मिति २०७८/१०/१८ गते बसेको ४४१ औं बैठकले कम्पनी ऐन, २०६३ को दफा ८७(२) तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को परिच्छेद ४, दफा १४(२) ख र कम्पनी ऐन, २०६३ को दफा ९०(३) बमोजिम बाकी कार्यकालको लागि एस मल्टिपर्पोज कम्पनी प्रा.लि.बाट प्रतिनिधित्व गरि आउनु भएका श्री निलम बोहरालाई नियुक्ति गरेकोले उक्त सञ्चालक नियुक्तिलाई कम्पनी ऐन, २०६३ को दफा ७७(६) मा भएको व्यवस्था बमोजिम सर्वसम्मतीले अनुमोदन गर्ने निर्णय गरियो ।

५. **संस्थाको सञ्चालक समितिले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ परिच्छेद ४ , दफा १७ बमोजिम नियुक्त गरेको स्वतन्त्र सञ्चालकको नियुक्तीको जानकारी सम्बन्धमा ।**

वित्तीय संस्थामा रिक्त रहेको स्वतन्त्र सञ्चालक पदमा सञ्चालक समितिको मिति २०७८/१०/१८ गते बसेको ४४१ औं बैठकले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ परिच्छेद ४ , दफा १४(३) बमोजिम श्री सागर शर्मालाई आगामी ४ वर्षको लागि नियुक्ति गरेको व्यहोरा सम्पुर्ण सेयरधनीहरुलाई जानकारी भयो ।

ख) विषेश प्रस्ताव

१. **संस्थाको प्रबन्धपत्र, नियमावली सम्बन्धमा नियमनकारी निकायबाट आवश्यक हेरफेर गर्न निर्देशन भएमा सोहि बमोजिम गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।**

यस वित्तीय संस्थाको प्रबन्धपत्र संशोधन गर्न अनुमति लिनुपर्ने नियमक निकायहरुबाट प्राप्त हुन आउने निर्देशन बमोजिम थपघट लगायत आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतीले पारित गरियो ।

ग) विविध ।

विविध उपर छलफलका अन्य कुनै एजेण्डा नभएकोले सभाको निर्णय पुस्तिका कम्पनी ऐन, २०६३ मा व्यवस्था भए बमोजिम अध्यक्ष तथा कम्पनी सचिवले प्रमाणित गर्ने र बुझाउनु पर्ने निकायहरुमा कम्पनी सचिवले प्रमाणित गरि बुझाउने व्यहोराको जानकारी सभामा गराउनुभयो ।

## १३. धन्यवाद ज्ञापन:

सभामा छलफल तथा निर्णय गर्नुपर्ने विषयहरु समाप्त भई पूर्वनिर्धारित विषय सूची बमोजिम सबै प्रस्तावहरु सर्वसम्मतिबाट पारित भएको घोषणा गर्नुहुदै संस्थाको सत्ताइसौ वार्षिक साधारण सभा सफलताका साथ सम्पन्न गर्न आफ्नो अमुल्य समय दिइ उपस्थित हुनु भएका सम्पूर्ण शेयरधनि महानूभावहरु, नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल स्टक एक्सचेन्ज, सिडियस एण्ड क्लेयरिङ्ग लि.,शेयर रजिष्ट्रार एनआईविएल एस क्यापिटल लि, आन्तरिक तथा बाह्य लेखापरीक्षक, होटेल अनुपम फुडल्याण्ड एण्ड ब्याङ्केट व्यवस्थापन समिति, सुरक्षा निकाय, पत्रकार, पर्यवेक्षक प्रतिनिधिहरु लगायत कम्पनीका सम्पूर्ण कर्मचारीहरुलाई सभापतिज्यूले हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो ।

## १४. सभा विसर्जन:

सभाका सभापतिबाट सभामा उपस्थित सबै शेयरधनि महानुभावहरुलाई उहांहरुको उत्साहपुर्वक सहभागिता, निर्देशन तथा अमूल्य सुझावको लागि आभार प्रकट गर्दै संस्थाको सत्ताइसौं वार्षिक साधारण सभा दिउंसो ३:३० बजे विधिवत रुपमा विसर्जन भएको घोषणा गर्नुभयो ।

............................
मुकुन्द श्रेष्ठ
कम्पनी सचिव

Gurkhas Finance Ltd.
गोर्खाज फाइनान्स लि.

............................
गौरव बुढाथोकी
( अध्यक्ष)

मितिः२०७९/०२/२७ शुक्रबार ।